नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.........................................................)

फोन नं.: ४५३४१११९, ४५११५३७, ४५११९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

प.सं.: ०७९/८०
च.नं.:

मिति: ......२०७९/१०/२९..

च.नं.:- 505

विषय:-

**माथिल्लो जुनबेसी जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे।**

श्री गोर्खाज हिमालयन हाइड्रो प्रा.लि.
काठमाण्डौ महानगरपालिका, वार्ड नं. ३१, काठमाण्डौ
फोन नं :०१४२६४५४६

प्रस्तुत विषयमा जुनबेसी खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुने क्रममा तपसिल बमोजिमका कागजात/ विवरणहरु नपुग देखिएको हुँदा मिति २०७९/१०/२४ को विभागीय निर्णयानुसार उक्त कागजात/ विवरणहरु १५(पैतिस) दिनको समयावधि भित्र पेश गर्नहुन र उक्त अवधिभित्र माग गरिएका विवरणहरु पेश नभएमा नियमानुसार कारवाही भईजाने व्यहोरा जानकारीको लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

तपसिल :

१. कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख, कम्पनी अध्यावधिक गरिएको पत्र, आ.व. २०७८/७९ को करचुक्ताको प्रमाणपत्र माग गर्नुपर्ने
२. प्रवर्द्धक कम्पनीले वा सोका शेयर होल्डरहरुले यस अघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागी भएको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी नेट वर्थ पेश गर्नुपर्ने
३. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेको शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative networth तथा आवश्यकता अनुसार आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयरहोल्डरहरु बीच भएको सम्झौता र कुनै शेयर होल्डरले लिन कबूल गरेको शेयर बराबरको निजको networth नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयर होल्डर हरुबीच भएको सम्झौता र networth प्रमाणित गर्ने CA को प्रमाणित विवरणहरु
४. आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत इन्जिनियरिंग डिजाईन र डिजाईन नक्शा र ड्रइंग तथा सोको विद्युतीय प्रति
५. वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन र सोको विद्युतीय प्रति
६. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत माग गर्नुपर्ने

(रवि नेपाल)
इन्जिनियर